# २०८१ फागुन २६ गतेको मन्त्रिपरिषद् बैठकका निर्णयहरू

| क.सं | मन्त्रालय | निर्णयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| 1 | अर्थ मन्त्रालय | भवानी विद्यापीठ माध्यमिक विद्यालय, पर्वतको छात्रावास भवन निर्माणको प्रस्तावित सम्भाव्यता अध्ययनसम्बन्धी आदान-प्रदान पत्र (Letter of Exchange) स्वीकृत गर्ने र उक्त पत्रमा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न अर्थ मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने। |
| 2 | अर्थ मन्त्रालय | जापान सरकारको सहयोगमा निर्माणाधीन नागढुङ्गा सुरुङ्गमार्ग निर्माण आयोजनाका लागि प्रस्तावित सहुलियतपूर्ण ऋण सहायतासम्बन्धी सम्झौतालाई अन्तिम रूप दिन नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गरी वार्ता गर्न अख्तियारी दिने। |
| 3 | अर्थ मन्त्रालय | Quality TVET for Youths (QualiTY) Project, Phase I कार्यक्रमका लागि स्वीट्जरल्याण्ड सरकारबाट प्राप्त हुने थप अनुदान रकम १.६८ मिलियन स्वीस फ्रैंक (करिब नेपाली रू.२५ करोड ६५ लाख बराबर) अनुदान सहायता स्वीकार गर्ने र उक्त Exchange of Letter मा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न अर्थ मन्त्रालयलाई अख्तियारी दिने। |
| 4 | अर्थ मन्त्रालय | विश्व बैंकबाट सञ्चालित विभिन्न आयोजनामा प्रतिकार्य विकल्प (RRO) स्थापना गर्नको लागि उल्लिखित आयोजनाहरूको वित्तीय सम्झौतामा सर्वग्राही संशोधन गर्नेसम्बन्धी सम्झौता स्वीकृत गर्ने र सो सम्झौतामा नेपाल सरकारको तर्फबाट हस्ताक्षर गर्न अर्थ मन्त्रालयलाई अख्तियारी दिने। |
| 5 | अर्थ मन्त्रालय | २०८१ चैत २० गतेदेखि २२ गतेसम्म स्पेनको मेड्रिडमा सञ्चालन हुने Leadership and Leveraging the Global SAI Network कार्यक्रम र २०८१ चैत २५ गतेदेखि २६ गतेसम्म थाइल्याण्डको बैङ्ककमा सञ्चालन हुने IDI-ADB Leadership Forum कार्यक्रममा सहभागिताका लागि माननीय महालेखापरीक्षक श्री तोयम रायालाई स्वीकृति प्रदान गर्ने। |
| 6 | अर्थ मन्त्रालय | विश्व बैंकको वित्तीय सहयोगमा कार्यान्वयनमा रहेको रणनितिक सडक सञ्जाल तथा व्यापारिक मार्ग सुधार आयोजनामा प्रस्तावित २०० मिलियन अमेरिकी डलर बराबरको थप सहुलियतपूर्ण ऋण रकम स्वीकार गर्नेसम्बन्धी वित्तीय सम्झौता र आयोजना दस्तावेजलाई अन्तिम रूप दिन नेपाल सरकारको तर्फबाट वार्ता गर्न अर्थ मन्त्रालयका सहसचिवको नेतृत्वमा वार्ता टोली गठन गरी उल्लेखित दस्तावेजहरूलाई अन्तिम रूप दिन अख्तियारी प्रदान गर्ने। |
| 7 | अर्थ मन्त्रालय | २०८१ चैत १८ गतेदेखि २२ गतेसम्म थाइल्याण्डको बैङ्ककमा सञ्चालन हुने Educational Workshop on System of Audit Quality Management |

| | | |
|---|---|---|
| | | कार्यक्रममा सहभागिताका लागि उपमहालेखापरीक्षक श्री बैकुण्ठ बहादुर अधिकारीलाई स्वीकृति प्रदान गर्ने। |
| 8 | अर्थ मन्त्रालय | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगबाट सिफारिस भएबमोजिम सङ्घ, प्रदेश र स्थानीय तहबिच रोयल्टी बाँडफाँटका आधार, विधि र हिस्सा स्वीकृत गर्ने। |
| 9 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र अन्तर्गतका निकायहरूको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्न पूर्वस्वीकृति प्रदान गर्ने। |
| 10 | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | २०८१ चैत १५ गतेदेखि १७ गतेसम्म माल्टामा आयोजना हुने 16th NRNA European Regional Conference मा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री माननीय दामोदर भण्डारीलाई स्वीकृति दिने। |
| 11 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | श्री भागीरथी भट्टराई (ज्ञवाली), काठमाडौंलाई विद्युत नियमन आयोगको सदस्य पदमा नियुक्त गर्ने। |
| 12 | ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय | Rate Analysis Norms for Works 2081 स्वीकृत गर्ने। |
| 13 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | आर्थिक वर्ष २०८१/८२ को बाँकी अवधिका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत सञ्चालित उच्च मूल्य कृषिवस्तु उत्थानशील कार्यक्रम, काठमाडौंको लागि अधिकृतस्तरका ८ पदहरूको अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| 14 | कृषि तथा पशुपन्छी विकास मन्त्रालय | राष्ट्रिय चिया तथा कफी विकास बोर्डको कार्यकारी निर्देशक पदमा श्री फाइन्द्रराज पाण्डे, लमजुङलाई नियुक्त गर्ने। |
| 15 | गृह मन्त्रालय | अनुचित लेनदेन (मिटरब्याज) अपराध नियन्त्रणका लागि सुझाव सहितको प्रतिवेदन पेश गर्न श्री बाबुराम रेग्मीको अध्यक्षतामा श्री भरतबहादुर बोहोरा र श्री बद्रीप्रसाद भट्टराई सदस्य रहेको ३ सदस्यीय अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग, २०८१ गठन गर्ने। |
| 16 | परराष्ट्र मन्त्रालय | गैरआवासीय नेपालीसम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति दिने। |
| 17 | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | जिल्ला समन्वय समितिको नाममा दर्ता रहेको तनहुँ जिल्ला साविक फराकचौर गा.वि.स. वडा नं. ९ग को क्षेत्रफल ०-६-०-० (छ आना) सरकारी जग्गा व्यास नगरपालिका वडा नं. ३ को वडा कार्यालय भवन निर्माणको लागि उपयोग गर्न स्वीकृति दिने। |
| 18 | भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय | जग्गा प्रशासन निर्देशिका, २०५८ र भू-सूचना प्रणाली सञ्चालन निर्देशिका, २०७१ खारेज गर्ने। |

| | | |
|---|---|---|
| 19 | वन तथा वातावरण मन्त्रालय | मिति २०८१ चैत १२ गतेदेखि १३ गतेसम्म जर्मनीको बर्लिनमा आयोजना हुने Petersberg Climate Dialogue 2025 कार्यक्रममा सहभागी हुन वन तथा वातावरण मन्त्री माननीय ऐन बहादुर शाही ठकुरीलाई स्वीकृति प्रदान गर्ने। |
| 20 | वन तथा वातावरण मन्त्रालय | वडीचौर-विम्रेनी-बावियाचौर-विद्यापुर सडक निर्माणको लागि सुर्खेत जिल्लाको वराहताल गाउँपालिका वडा नं.२,५,६,७ र पञ्चपुरी नगरपालिका वडा नं ३ मा रहेको राष्ट्रिय वनको १०.३१९ हेक्टर जग्गा प्रयोग गर्न स्वीकृति दिने। |
| 21 | वन तथा वातावरण मन्त्रालय | जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सञ्चालक समितिको अध्यक्ष पदमा वन तथा वातावरण मन्त्रालयका सहसचिव(प्रा.) डा. बुद्धि सागर पौडेललाई अर्को व्यवस्था नभएसम्मको लागि कामकाज गर्न खटाउने। |
| 22 | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | नागरिक उड्डयन क्षेत्रको सुधारसम्बन्धी उच्चस्तरीय अध्ययन तथा सुझाव समितिको म्याद ४५ दिन थप गर्ने। |
| 23 | सहरी विकास मन्त्रालय | कान्ति बाल अस्पताल भवन पुनर्निर्माण कार्यलाई विशेष परियोजनाको रूपमा कार्यान्वयन गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउन स्वीकृति दिने। |
| 24 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | मित्र राष्ट्र चीनले एम्बुलेन्स प्रयोजनार्थ अनुदान (वस्तुगत सहायता) स्वरूप प्रदान गर्ने ५० थान Electric Vehicle स्वीकार गर्न स्वीकृति प्रदान गर्ने। |
| 25 | स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय | स्वास्थ्य बीमा बोर्डको कार्यकारी निर्देशकको पदमा डा. रघुराज काफ्ले, तनहुँलाई नियुक्त गर्ने। |